# एउटा च्यातिएको पोस्टर कवितामा अस्तित्ववाद

**श्रीराम न्यौपाने, विद्यावारिधि**
उपप्रध्यापक, त्रि.वि.,रत्न राज्यलक्ष्मी क्याम्पस, नेपाली विभाग
e-mail : shreeramn2006@yahoo.com
**Received Date:** March 10, 2025; **Reviewed Date:** March 29, 2025
**Accepted Date:** May 5, 2025

## लेखसार

एउटा च्यातिएको पोस्टर वानीरा गिरिको एउटा एउटा जिउँदो जङ्गबहादुर (२०३१) कवितासङ्ग्रहमा सङ्गृहीत गद्यकविता हो । अमूर्त, दुर्बोध एवम् जटिल भाषिक बिम्बको प्रयोगवादी नेपाली कविता लेखनपरम्परालाई यस कविताले अर्थिने मूल बाटोमा हिँडाउने जमर्को गरेको छ । जटिल जीवनको विश्लेषणमा तदनुकूल क्लिष्ट भाषिक संरचनाको आमन्त्रण गर्नेहरूमा उनी पर्दिनन् भन्ने दृष्टान्त पनि यो हो । विसङ्गत विश्वपरिवेशभित्र नेपाली जीवन र विशेषतः सीमान्तकृत नारीअस्तित्वको सग्लो शब्दचित्र यहाँ उतारिएको छ । विगतदेखि वर्तमानसम्मका मान्छेका विवशता यथावत रहनुले समयलाई गिज्याएको, मानवउन्नतिलाई लल्कारेको अनि मानवताको उचाइलाई भासमा घचेटेको ठम्याइभित्र कवयित्री गिरी विसङ्गतिविरुद्ध खनिएकी छन् । मान्छेलाई यस्तो अस्तित्वहीनतामा बाँच्न हुकुम दिने यो समय विसङ्गत छ भने त्यसैभित्र निसास्सिएर बाँच्नुपरेको मानवजीवन अस्तित्वको सङ्घर्षमा छ भन्ने मूल मर्म पहिल्याउन विसङ्गतिवादी-अस्तित्ववादी सैद्धान्तिक मान्यताहरूको निकट पुगेर यसको चिरफार गर्दा रचनाप्रति पूर्ण न्याय हुने देखिएकाले यसलाई सोही आधारमा विश्लेषण गरिएको हो ।

**शब्दकुञ्जी** : आत्मसत्ता, चित्भविता, भविता, शून्यता, जडभविता ।

## विषयपरिचय

वानीरा गिरि (२००३) आधुनिक नेपाली साहित्यमा बहुमुखी प्रतिभाका रूपमा परिचित छिन् । वि.सं. २०२० मा *दियो* पत्रिकामा *मेरो साथी भन्छ* नामक कविता लिएर नेपाली साहित्यमा प्रवेश गरेकी गिरीका हालसम्म *एउटा एउटा जिउँदो जङ्गबहादुर* (२०३१), *जीवन थायमरु* (२०३४), *मेरो आविष्कार* (२०४१), र *काठमाडौंF काठमाडौंF* -@)^*_ कवितासङ्ग्रहहरू प्रकाशित छन् । उनले उपन्यास, निबन्ध आदि विधामा पनि साहित्य रचना गरेकी छन् । गिरि आधुनिक नेपाली कवितायात्राको प्रयोगवादी धारा तथा समसामयिक कालखण्डकी कवयित्री हुन् । उनका कवितामा कोमल भावना, प्रणय, यौनकुण्ठा र दमित वासनाको वर्णन पाइन्छ । सौन्दर्यप्रेमी बनेर वासनामय उत्तेजना र उत्कण्ठाका अनुभूतिलाई उनले सरल, सहज र सुबोध शैलीमा प्रकट गरेकी छन् । उनका कवितामा नारी मनोविज्ञान झल्किएको छ । प्रकृति र प्रेमका विषयवस्तुलाई समेट्दै उनले कतै नैराश्य यौनकुण्ठाले ग्रस्त मनस्थिति त कतै प्रणय, वासना र सम्भोगको अभिव्यक्ति दिएकी छन् (न्यौपाने, २०६७ : ८४) । उनका कवितामा सामाजिक सङ्गत तथा विसङ्गत यथार्थ स्थितिको सुन्दर चित्रण भेटिन्छ (भट्टराई, २०५६ : ५९१) । यसरी सौन्दर्य एवम् प्रकृतिको वर्णनका दृष्टिले उनका कविता स्वच्छन्दतावादी भावधारामा भेटिन्छन् । गिरीका उत्तरार्द्धका कवितामा युगबोध सशक्त

छ। समाजमा अन्याय, नैराश्य, कुण्ठा, बिडम्बना र जटिलता बढ्दो छ जसले मानवजीवन सङ्कटग्रस्त भएकोमा उनका कविताले त्यसप्रति व्यङ्ग्यात्मक तथा विद्रोही अभिव्यक्ति दिएकी छन् । सामाजिक, राजनैतिक, प्रशासनिक, आर्थिक आदि क्षेत्रमा देखिएका विसङ्गतिप्रति पनि असन्तुष्टि व्यक्त गर्दै सभ्य, सुसंस्कृत एवम् सम्पन्न समाजको कल्पना उनका कवितामा अनुभूत गर्न सकिन्छ । साथै उनले नारीअस्तित्वको संरक्षण र मानवीय मूल्यमान्यताको अस्तित्वबोध गराएकी छन् (न्यौपाने, २०६७ : ८५) । उनले कविताका माध्यमबाट सामाजिक असन्तुष्टि, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य गर्दै नारीले खोज्ने अस्तित्वका पक्षमा आवाज उठाएकी छन् । नारीचरित्रको उपस्थापन गर्दै उनले नारी अस्मिता, स्वतन्त्रता र समानताको स्थापना गर्नुपर्ने ठहरका साथ नारी मूल्यमान्यताको अस्तित्वबोध गराएकी छन् । मुख्यतः प्रयोगवादी धारामा देखा पर्ने दुरुहता र क्लिष्टताले उनका कविता पनि प्रभावित छन् । चरम विकृति, निराशा र मूल्यहीनताका कारण मानवमा उत्पन्न मानसिक अन्तर्द्वन्द्वको चित्रणका क्रममा उनका कविता विसङ्गतिवादी नवप्रयोग बनेका छन् । उनका कवितात्मक रचनाले प्रयोगवादी कविताका विस्तृति र उचाइको नवसम्भावना प्रकट गरेका छन् ( त्रिपाठी र अन्य, २०५४ : १२९) । नवीन बिम्ब-प्रतीकको सार्थक प्रयोग, आत्माभिव्यक्तिको स्वतःस्फूर्त प्रवाह, मनोद्वन्द्वको विश्लेषण, मानवतावादी चिन्तन, देशप्रेम र विसङ्गतिवादी-अस्तित्ववादी चेत गिरिका प्रमुख कवितात्मक प्रवृत्ति मानिन्छन् ।

## अध्ययनविधि र सैद्धान्तिक पर्याधार

प्रस्तुत अध्ययन मूलतः अस्तित्ववादी सिद्धान्तमा आधारित छ । यसका लागि सैद्धान्तिक सामग्रीको सङ्कलन गरिएको छ र बानिरा गिरिका कवितालाई अस्तित्ववादी सिद्धान्तमा आधारित सामग्रीको रूपमा उपयोग गरिएको छ । कविता विश्लेषणका क्रममा पाठपरक विश्लेषणविधिको उपयोग गरिएको छ । जीवनजगत्का अपरिहार्य, अपरिवर्तनीय एवम् बाध्यकारी स्थितिहरूमध्ये जन्ममृत्युको बाध्यता, अज्ञानताग्रस्त जीवन, अनिश्चित आगत, प्रयत्नहरूको व्यर्थता, आत्मपराजयी जटिलता, स्वविवेकमाथिको धोका आदि पक्षहरूले मानवजीवनलाई जबरजस्त अँचेटिरहेको छ । यसले व्यक्तिभित्रको नैराश्य, मूल्यहीनता, निस्सारता अनि व्यर्थतालाई उद्वेलित गरिदिन्छ । विश्व मानवले भोग्नुपरेको यही नियतिको सपाट चित्रण गर्दै विसङ्गतिवाद जन्मिएको हो । जर्मन दार्शनिक फ्रेडरिक विल्हेम नित्सेको ईश्वर मृत्युको घोषणा र दोस्रो विश्वयुद्धबाट विसङ्गतिवादले प्रभाव ग्रहण गरेको छ । यसलाई दार्शनिक र साहित्यिक पक्षमा विस्तार गर्ने काम बिसौं शताब्दीका जाँ पाल सार्त्रले गरेका हुन् । त्यसैगरी अल्वर्ट कामुले सिसिफसको पौराणिक कथा (The Myth of Sisyphus) (सन् १९४२) लेखेर ग्रीक पुराणको पात्र सिसिफसकै जस्तो हाम्रा सारा परिश्रम निरर्थक छन् भन्ने देखाउने काम गरे (जोशी, २०५७ : १०६) । यसै कृतिमार्फत् उनले यस वादको विस्तार गरेको पाइन्छ । पछि यस चिन्तनलाई अघि बढाउन विलियम आई ओलिभर, दोस्तोएभ्स्की, स्यामुयल बेकेट आदि साहित्यकारहरू देखा परेका हुन् । यिनीहरूले जीवनजगत्सँग सम्बद्ध प्रचलित परम्परागत मूल्यमान्यताको विरोध गर्दै असङ्गत-विसङ्गत पक्षको अभिव्यक्ति दिएका छन् । साथै मानवीय जीवनले बुद्धि, विवेक र स्वतन्त्र इच्छाशक्तिको भरपुर प्रयोग गर्दा पनि स्थायित्व र विशिष्टता प्राप्त गर्न असफल रहेको हुँदा निस्सार एवम् अर्थहीन नियति अपनाई नबाँचिरहन नसकेको विश्वपरिवेशलाई कविता, नाटक, आख्यान आदि विधामार्फत् पुष्टि गरिरहेको पाइन्छ । विश्व मानवजीवनको वास्तविकता अभिव्यञ्जित गर्नु र साहित्यको वस्तु तथा शिल्पशैलीमा क्रान्ति आह्वान गरी बौद्धिकता-वैचारिकताको प्रयोगलाई चरमचुलीमा पुऱ्याउन सकेकाले विसङ्गतिवाद आफ्नो युगमा सशक्त एवम् प्रसिद्ध बनेको हो (श्रेष्ठ, २०६७ : २०२-२०३) । आज समाजका

क्रियाकलाप, अन्तर्सम्बन्ध, नैतिक मूल्य, सांस्कृतिकता आदिमा कुनै साम्य देखिँदैन । विसङ्गतिले संसारलाई ढाकिरहेको छ र यसैको नीरसतामा भयावह सन्त्रास छ (बराल र एटम, २०५६ : १३९) । असङ्गत जीवनलाई तदनुकूलकै जटिल भाषाशैली तथा विम्बप्रतीकको प्रयोग गर्नु यस वादको थप विशेषता हो । यस चिन्तनमा आधारित साहित्यले जीवनजगत्का आधारभूत पक्षहरूमाथि अनास्था प्रकट गर्दै शून्यता एवम् निराशायुक्त जीवनभोगाइको मर्म खोतल्ने प्रयास गरिएको हुन्छ । आत्मस्वतन्त्रता तथा स्वइच्छाशक्तिका कारण जीवनमा निर्णय गर्नु असीम क्लेषको भागिदार रहनु हो । यसबाट चरम नैराश्य उत्पन्न भई निस्सारता जन्मन्छ । तर यसैलाई सर्वोपरि ठान्दा मानवीय जीवनका गरिमा, सृजना तथा सामर्थ्यको अवमूल्यन भई भावी पिँढी निराश, अकर्मण्य र निस्क्रिय बन्न सक्छ भन्दै सारेन किर्केगार्डले मानिसलाई सृष्टिको अद्वितीय तत्त्व र जानिनसक्नुको सत्ता मानेका हुन् । दुःखमा पर्ने निश्चित भए पनि जीवनमा व्यक्तिले स्वतन्त्र निर्णय गर्ने अधिकारको प्रयोग गर्नै पर्छ र त्यसैबाट अस्तित्व वा अस्मिता स्थापित हुन्छ भन्ने उनको अस्तित्ववाद आस्तिकतामा आधारित छ । जीवनजगत्को असङ्गति-विसङ्गति वा निस्सारता-निरुद्देश्यताका बीच मान्छेले आफूमा निहित स्वतन्त्र इच्छाशक्तिको उपयोग गरेर सङ्घर्षशील बन्दै जीवनलाई सार्थक बनाउन अनि आफ्नो परिवेश-परिस्थितिको दासता अस्वीकार गरेर अस्तित्व प्राप्त गर्न सक्छ (श्रेष्ठ, २०६७ : २०६) । एक्लोपनको महसुस हुनु, जन्मसँगै मृत्यु ल्याउनु, मृत्यु अवस्यम्भावी ठानी आफ्नो वैयक्तिक जीवनलाई अधिकाधिक विशिष्टता स्थापित गर्नु आदि अस्तित्ववादका मूल मान्यता हुन् । मान्छेले जीवनका क्लेश, पीडा, अभाव र विसङ्गतिकै माझबाट अस्तित्वको खोज र बोध गर्छ (शर्मा र लुइटेल, २०६७ : ३५०) । यसै पृष्ठभूमिमा नास्तिकता र मानवतालाई आधार बनाई सार्त्र र कामुले अस्तित्ववादको अवधारणा स्थापित गरेका हुन् । सार्त्रको भविता र शून्यता सिद्धान्तमा विसङ्गतिबोध जडभविता हो भने अस्तित्ववान् बन्ने इच्छा चित्भविता हो भनी चिनाएका छन् । यस्तो विसङ्गतिका बीच जीवनको खोजी गर्नुलाई अस्तित्ववादको मूल मर्म मानिन्छ । यसरी परम्परागत मूल्य, नैतिकता, सहयोग, विश्वास आदिको प्रयोजन समाप्त भएपछि निसहाय, एक्लोपन अनि निस्सारताभित्रै रुमलिनु विसङ्गतिवाद हो भने आत्मसत्ताको उपयोग गर्दै उत्तरदायी रहनु अस्तित्ववाद हो । यी नववादले साहित्यमा वर्णित विसङ्गत परिदृश्य, चिन्तन र भाषाशैली अनि त्यसको अन्तर्वस्तुबाट अभिव्यक्त जिजीविषा, अस्तित्वबोध, व्यथा र मृत्युको सहन, भयको शमन तथा जीवनको सार्थकताको विश्लेषण गर्दछन् ।

## विमर्श र परिणाम

*एउटा च्यातिएको पोस्टर* कविता वानीरा गिरिको कवितायात्राको पहिलो चरणमा रचिएको प्रयोगवादी रचना हो । यसमा मूर्त वर्णन र विसङ्गत जीवनको विश्लेषण छ । यसको स्रष्टा र कवितान्त्यमा आएको स्त्रीलिङ्गी क्रियापदले च्यातिएको पोस्टरको प्रतीकात्मक अर्थ नारी नै भएको पुष्टि हुन्छ । यहाँ सम्बोधित पुरुष र सम्बोधक नारी छन् तर समग्रमा कविताको वर्णन वर्तमान मानवको विसङ्गत जीवनतर्फ नै लक्ष्यित छ । यसैले यहाँ प्रस्तुत कवितामा जीवनजगत्का विविध पक्षहरूमाथि अनास्था, निराशा र निस्सारताको अभिव्यक्ति दिँदै नारी तथा मानवजीवनका कष्टपूर्ण, विवश र आततायी भोगाइको कटु यथार्थबोध गराउन अनि अस्तित्ववादको खोजी गर्दै विसङ्गतिभित्रको अस्तित्वबोध, जड र चेतन भविताको अवस्था तथा स्वतन्त्र इच्छाशक्ति जस्ता खण्डहरूमा विश्लेषण गरिएको छ ।

**(क) विसङ्गतिभित्रको अस्तित्वबोध**

आजका मान्छे र विशेषतः नारीको विसङ्गत जीवनलाई चिनाउन प्रस्तुत कविताको प्रारम्भमै महाकाव्यको व्याख्या, आत्मकथाको भूमिका अनि आफ्नै कृतिको संस्करणजस्तो सुन्दर जीवन नहुने टिप्पणी गरिएको छ । यथार्थमा नारी जीवन बढी आदर्शीकृत, कृत्रिम अनि कुँदिएको हुँदैन । यो त अभाव, स्वार्थ, धोका, व्यक्तिवाद अनि सीमातीत कष्टको भागिदार बनेको छ अनि टाक्सिएको, थिल्थिलिएको र लत्याइएको छ । साहित्यले यसको समग्रताको अभिव्यक्ति गर्न सक्दैन । कवितामा नारी जीवन चुल्होको प्वालबाट धुवाँ बनेर उडेको र तपेसको चामल छड्किएझैँ पाकिरहेको वर्णन पाइन्छ । यहाँ धुवाँ, चुल्हो र तपेसले विवश नारी जीवनका दैनिकीलाई प्रतिबिम्बित गरेका छन् । श्वास फेर्दा लागेको बादलभित्र आफ्नै तस्बिर पनि धमिलो देखिन्छ । अस्पष्ट, भ्रमित, कुरूप अनि भयानक आकृति जीवनऐनामा नियाल्दा सपना, भरोसा अनि आस्थाहरू ढलिसकेको अनुभूत हुन्छ । यसरी कवितामा साहित्य र जीवनलाई भिन्न मान्दै विसङ्गतिभित्रको अस्तित्वबोधलाई चिनाएको छ

"जिन्दगी- यो व्याख्या होइन महाकाव्यको
भूमिका होइन आत्मकथाको
संस्करण होइन आफ्ना कृतिहरूको
म चुल्हाको प्वालबाट
एउटा जिन्दगी फुकिदिन्छु
र तपेसको चामल छड्काइदिन्छु ...।" (पृ. ५५)

पारोहाङ (पार्वती/सतीदेवी) र लेम्पुहाङ (शिव) तथा लालहिराका मिथकीय सन्दर्भले कवितामा अघिल्लो पुस्ताको विवश नारी जिन्दगीलाई मान्छेको सुदूर इतिहाससँग जोडेको छ । पौराणिक कालदेखि मान्छेको जीवन युद्ध, हारजित, धोका, अपमान अनि पीडामा मुछिएको थियो । एउटा बुढाबा नातिनातिनालाई लोककथा सुनाउँदा आफ्नो जीवन नै लास बनेको अनुभव गर्नु यही विगतको विवश जीवन नै हो । दक्षको यज्ञमा प्राणत्याग गर्ने विवश सतीदेवीजस्तै नेपाली नारीहरू मूल्यहीन, अस्तित्वहीन एवम् अपहेलित हुँदै आएका छन् । अघिल्लो पुस्ताले सती गएको र वैधव्य जीवन भोगेको स्मरण गर्दै कवितामा आज पनि नारी मूकदर्शक भई बस्नुपरेकोमा बाँच्नुको सार्थकता गुमाएको उल्लेख गरिएको छ । यही निस्सारतालाई कविताका यी सन्दर्भले पुष्टि गरेका छन् :

"...मानो ऊ स्वयं
एउटा शिव एउटा युगको !
र सत्यदेवीलाई उनले हराइसकेका छन्-
दक्षको यज्ञमा ।"(पृ. ५६)

यसरी कविताभित्र प्रतिबिम्बित भएको किनारीकृत, व्यथित, निराश, मूल्यहीन अनि विवश नारी जिउँदो लासका रूपमा बाफिएको सन्दर्भबाट चरम विसङ्गति र यसैभित्र बाँच्ने चाहना बोकेको अवस्थाबाट अस्तित्वबोध प्रकट भएको छ ।

**(ख) जड र चेतन भविताको अवस्था**

प्रस्तुत कविताले आजका मान्छे अर्थात् पीडकलाई सम्बोधन गर्दै सग्लो वाक्यले मात्र नारीको पूर्ण अर्थ दिन सक्ने तर्क अघि सारेको छ । च्यातिएका वाक्यले कष्टपूर्ण, विवश एवम् आततायी जीवनको बोध गराउँछन् । आज नैराश्य र निस्सारताले भरिपूर्ण नारी जीवनको मर्म नबुझी वाक्यलाई च्यातेर वा टुक्राएर गलत अर्थ लगाइएको छ । यसैकारण वाक्य टुक्राएर पटक पटक बेग्लाबेग्लै मौसमी अर्थ लगाइनुहुन्न । विसङ्गत जीवनलाई कोट्याएर, ढाकछोप गर्न खोजेर अनि आदर्शमय बनाएर व्याख्या गरिनु हुन्न । जीवन हिजो पनि विसङ्गत थियो र आज पनि त्यस्तै छ । यसरी कवितामा अकाट्य बाध्यतालाई चिनाउन आएको च्यातिएका वाक्य जड भविता हुन् भने कथा बिर्सिएर बाँच्नु चेतन भविता हुन् । जस्तै :

"ए मान्छे !
च्यातिएका वाक्यका टुक्राहरूको
पटकपटकमा बेग्ला बेग्लै अर्थ नलगाऊ
मैले आफ्नै कथा बिर्सिसकेकी छु ।" (पृ. ५५)

कवितामा आजका मान्छेले समयलाई काट्न वा भाँच्न सकेका छैनन् भन्ने भाव झल्कन्छ । अहङ्कार, अविश्वास, स्वार्थ अनि विभेदले जीवनलाई विवशताको गर्तमा खसालिदिएको छ । युग बदलिएका छन् तर विवशता र बाध्यता बदलिएका छैनन् । समयले विचार, व्यवहार र परिणाममा परिवर्तन खोज्छ तर यहाँ हेलचक्राइँ र धोकाका कारण परापूर्वदेखि आजपर्यन्त जीवन फेरिएकै छैन । यसैले जीवनप्रतिको आस्था अनास्थामा रूपान्तरित भएका छन् । यसैलाई स्पष्ट पार्दै तलको कवितांशले समयसँगै बदलिन नसकेको जीवनको विवशता र असङ्गतिलाई चित्रित गरेको छ :

"खोइ यसले काट्न सकेको
समयको तन्काइ र हुकुमलाई
खोइ यसले भाँच्न सकेको
समयको हेलचक्रचाइँ र समयको धोकालाई ।" (पृ. ५६)

मानिसका सत्यताहरू लिलाम हुनु, जिजीविषाभित्र मृत्युले चियाउनु, आस्थाभित्र अनास्था अनि विश्वासभित्र अविश्वास प्रवेश गर्नु, भरोसा भत्कनु जस्ता नियतिको सिकार भएको आजको नारीको जीवनसङ्घर्ष निराशामा टुङ्गिएको छ भन्ने भाव कवयित्रीले प्रकट गरेकी छन् । वनारसको हरिश्चन्द्रघाटले प्रतीकात्मक रूपमा मानिसको अन्त्येष्टिसँगै सत्यवादिता पनि डढेर खरानी भएको निष्कर्ष निकालेको छ ।  भतुवा कुकुर वर्तमान मान्छेलाई सङ्केत गर्ने अर्को नवीन बिम्ब हो । यो समयबाट धोका खाएका, समयानुकूल बाँच्न नपाएका, समयले चुसेका वा ठगेका, विभेदपूर्ण व्यवहारको सिकार भएका, समयले न्याय गर्न नसकेका, तिरस्कारमा परेका अनि समयसँग अमिल्दा नारीका विसङ्गत दैनिकीतर्फ लक्षित छ । गल्लीको रछानमा भौँतारिने कुकुर अर्थात् अरूले फालेको, गिजोलेको अथवा निगाहले दिएको विकृत खाद्यवस्तुमा आश्रित भएको मानवको नियतिभित्र कवयित्री कुनै सङ्गति देख्दिनन् । कथित उच्च, सम्भ्रान्त एवम् धनी वर्गले गुणस्तरहीन ठानी मिल्काएका वस्तुमा झुन्डिएको दरिद्र, रुग्ण एवम् टिठलाग्दो जीवन औषत मानवका दैनिकी बनेका छन् । यस्तो मूल्यहीनता अनि चरम निराशा र विसङ्गतिग्रस्त जीवनको चर्चा जड भविता हो भने सत्य, आस्था र विश्वासबारे बहस गर्नु चेतन भविता हो । जस्तै :

"मेरा सत्य र मेरा आस्थाहरू
लिलाम भइसकेका छन्-
हरिश्चन्द्रघाटमा ।
मेरो विश्वास पनि अब त
लुखुरलुखुर हिँड्छ
भुस्याहा कुकुरजस्तो
गल्लीका रछ्यानमा ।" (पृ. ५७)

गर्भाशय र फूलको प्रतिबिम्ब बनेर कवितामा नारी खडा छे । ऊ अस्मिता, मूल्य र महानताकी प्रतिमूर्ति हो । गर्भाशय अर्थात् रजश्वला, गर्भधारण र प्रशवनको शक्तिकेन्द्र हो जससँग सभ्यतालाई ममता, संयम र उर्जा दिँदै युगयुगान्तर जीवित राख्ने सामर्थ्य छ । यस्तो सृष्टि संरचनाको चीरकालीन संरक्षक एवम् प्रकृति, त्याग र विवेकको अपरिमित रूपलाई पनि सराप लागेको छ । सर्वोच्च, अजेय र अतुलनीय यस स्त्रीमानवलाई काम नलाग्ने फुटेका कसौँडी अनि सुकेका दाख मानिएको छ । यौनआनन्द तथा विलासका साधन र सजावटका गमलामात्र ठान्ने पुरुषमानसिकताले नारीअस्तित्व सङ्कटग्रस्त छ । नारीउच्चतालाई हीनतामा दर्ज गर्नु शरीररचनाको अवमूल्यन हो, विसङ्गति हो । फूल अर्थात् सौन्दर्य, सुवास, सृजना, सम्मान, प्रेम अनि सृजनाको बहुआयामिक रूपप्रति आजको समय क्रूर बनिदिँदा मानवले न्याय पाउन सकेको छैन । संस्कृति, प्रशासन, सामाजिक व्यवहार, राजनीति आदि जुनसुकै क्षेत्रमा नारीको क्षमता, प्रतिभा, श्रम आदि शक्तिलाई अयोग्य, शुष्क, महत्त्वहीन एवम् उपयोगहीन, प्रयोजनहीन र अपाङ्ग ठहऱ्याइनु यसैको प्रतिबिम्ब हो भनी कविताभित्र नारी जीवनको मूल्यहीनता र विसङ्गतिलाई चिनाइएको छ । त्यसै गरी फुटेका कसौँडी अनि सुकेका दाख भनी क्षमताको मूल्याङ्कन हुन नसकेका, विभेदको सिकार भएका, बढ्ने खुट्टा बाँधिएका, विरोधको मुख थुनिएका अनि सृजनाका हात काटिएका निम्न वर्गलाई सङ्केत गरिएको छ । तलको कवितांशमा नारी तथा श्रमशील वर्गको सर्वोच्चता र प्रमुख भूमिका खुम्च्याएर फुटेका कसौँडी र रसविनाका दाख मान्नु जड भविता र नारीलाई गर्भाशय र फूल ठान्नु चेतन भविता भएर आएका छन् :

"सराप लाग्छ मलाई
यो गर्भाशय र फूलहरूको
जो काम लाग्न नपाएर
फालिएका छन् फुटेका कसौँडीझैँ
जो काम लाग्न नपाएर
सुकेका छन् रसविनाका दाखझैँ ।" (पृ. ५७)

कवितामा पृथ्वी मरुभूमि हो जहाँ मेटिन मानव पाइला छापिएका छन् भन्ने वर्णनले निराशावादी मृत्युन्मुख जीवनदृष्टिलाई सङ्केत गरेको छ । मरुभूमिमय धरती भन्नु नै आफ्नो क्षमता, सिप र कर्मठताको प्रयोग गर्न नपाएको मानव जन्मस्थान हो । श्रमका लागि स्थान अवसर र भूमिका उपलब्ध नहुँदा उत्पादनहीन, निस्क्रिय, शुष्क, बाँझो एवम् बेरोजगार मान्छेमा दर्ज भएका जोकोहीका पाइला मेटिनका लागि नै छापिएका हुन्छन् । यसको तात्पर्य के हो भने आफ्नै धरतीमा नागरिक निर्धन, दुर्बल अनि निरीह बनेका छन् । तिनको अस्तित्व आफ्नै जन्मस्थानमा मेटिँदै छ ।

यो जड भविता हो । यति भएर पनि पैताला छापिएका छन् अर्थात् अस्तित्वको खोजमा लागेका छन् । यो चेतन भविता हो । जस्तै :

"मरुभूमिको छातीमा
मेटिनकै निमित्त
हाम्रा पैतालाहरू छापिएका छन्
च्च ! च्च !" (पृ. ५७)

कवितामा नारीका लागि हिमाली शीतलता रक्सीले दिने न्यानोपन जस्तै क्षणिक बनिदिएको तर्क भेटिन्छ । प्रत्येक बिहानसँगै त्यो क्षणिकता विलुप्त हुन्छ र फेरि पिर, व्यथा अनि नैराश्यभित्र ऊ जकडिन्छ । प्रकृतिले दिने यति सानो मायाले मात्र आजको मान्छे अस्तित्ववान हुन सकेको छैन । ऊ अधिकार र न्यायप्राप्तिप्रति विश्वस्त हुन सक्दैन । न त ऊ काम वा आजीविकाका सपनाप्रति ढुक्क नै हुन सक्दछ । मान्छेमा जीवनका आस्था, विश्वास, भरोसा अनि अधिकारप्रति चरम निराशा उत्पन्न हुनु जड भविता हो ।

कविताभित्र उल्लिखित लासले सपना, विश्वास अनि अधिकारको विसर्जनको बिम्बाङ्कन गरेको छ । हिँड्ने, घर बनाउने, भोज खाने, बाँच्ने अनि हाँक दिने क्रियाले मान्छे जीवित छ भन्ने भ्रममात्र सृजना गर्दछ । वास्तवमा यी क्रिया लासका हुन् । श्वास फेर्नु, बोल्नु अनि क्रियाहरू देखाउनुमात्र जीवितता होइन । आत्मसम्मान, समन्याय, निश्चितता, आत्मविश्वास अनि मानवता खोक्रिएको बेला मान्छेको जीवन लाससँग तुलनीय बन्दछ । मूल्यहीन जीवनलाई बोकेर हिँड्नु वास्तवमा मृत्यु हो, लास हो । पृथ्वी विश्व मानवको साझा घर हो तर अस्तित्वहीन जिउँदा लासहरूको यो साझा चिहान पनि हो । यहाँ मान्छेले भोज खानु, हाँक दिनु वा अन्य क्रिया गर्नुको कुनै साम्य, अर्थ र सन्दर्भ भेटिँदैन । एक दिन रमाएर अरू दिन समस्यामा तड्पिनु, एक दिन बाँचेर अरू दिन मरेतुल्य बन्नु, एक दिन हाँक दिएर अरू दिन आज्ञाकारी हुनु, एक प्राप्तिमा सधैँ अनुगृहीत रहनु वा दासता स्वीकार गर्नु जस्ता नियतिमा मान्छे आफ्नै धर्तीरूपी चिहानभित्र लास बनेको छ । मान्छे विसङ्गत परिस्थितिमा अस्तित्वका लागि बाँच्ने कोसिस गर्नु चेतन भविता हो । यस तर्कलाई तलको कविताांशले सम्बोधन गरेको छ :

"हामी लासहरूमाथि निर्धक्क हिँडिरहेछौँ
पृथ्वी पनि
लासहरूको एक चिहान हो
हामी चिहानमा घर बनाउछौँ
हामी चिहानमा भोज खान्छौँ
हामी चिहानमा बाँचिदिन्छौँ
हामी हाँक दिन्छौँ
आफ्नै लासलाई चिहानभित्रबाट ।" (पृ. ५८)

कविताले सग्लो चित्र विभिन्न ठाउँबाट च्यातिँदा विकृत स्वरूपमा परिणत भएझैँ बाँच्ने अभियानमा दु:ख, रोग, चिन्ता अनि पीडाका प्रहारहरूले नारी अर्थात् मान्छेको सग्लो जीवन खण्डहर बन्दै गएको चर्चा गरेको छ । यहाँ नारी जीवन अब सग्लो पोस्टर नरहेको ठहर गरिएको छ । च्यातिएको पोस्टर आफैमा अस्तित्वहीन, निराश, मूल्यहीन एवम् विघटित वर्तमान जीवनको प्रतिरूप हो । यसरी

कवितामा च्यातिएको पोस्टर जस्तो नारी जीवनको निस्सारताको चित्रणमा जड भविता र समयसँगै जिन्दगी चल्दै गरेकोमा चेतन भविता अभिव्यक्त भएका छन् । जस्तै :

"एउटा च्यातिएको पोस्टर
समयको भित्तामा
एक मान्छे ...
मैले आफ्नै कहानी-
बिर्सिसकेकी छु !" (पृ. ५९)

यस कवितामा आजको नारी जीवनमा चरम विसङ्गति घनीभूत छ भन्दै जड भविता अनि पीडा र मृत्युलाई अपरिहार्य भए पनि स्वीकार गर्दै यसैभित्र अस्तित्व र जीवनबोध गर्नुपर्छ भन्ने चेतन भवितालाई आद्योपान्त व्यक्त गरिएकाले अस्तित्ववादी चिन्तनको उत्तम प्रयोग भएको देखिन्छ ।

**(ग) स्वतन्त्र इच्छाशक्ति**

कवितामा नारीले अस्तित्वका लागि स्वतन्त्र इच्छाशक्ति व्यक्त भएको छ । यहाँ राजा जनकको शिवधनु र रामसीताको स्वयंवरले प्रतीकात्मक रूपमा नारी अस्तित्वहीनता एवम् विवशतालाई सङ्केत गरेका छन् । नारीको जीवनमाथि पुरुषको वर्चस्व परापूर्वदेखि स्थापित छ । पुरुषकै निर्णयमा नारीजीवन डोरिएको छ । स्वयंवर वा आत्मनिर्णय परास्त छ । अरूले रोजिदिएको वा खोजिदिएको व्यक्तिलाई अपनाउन, मन पराउन र माया गर्न अभिशप्त नेपाली नारी जीवन पूरै विसङ्गत छ । नारीको विवशता यत्तिमै सीमित छैनन् । दोजिया सीताहरू जङ्गलमा फ्याँकिएका छन् । तिनै अवला, निसहाय एवम् त्याज्य नारीगर्भबाट जन्मिएका लबकुशहरू समस्त बेसहारा बालबालिकालाई चिनाउने बिम्ब हुन् । ती अबोधहरू नारी मूल्यहीनताका कोपभाजक बनेका छन् । जन्मसँगै निस्सारता र विवशताको कर्म पाएका आजका नारीको जीवनमा सङ्गति छैन । टुकुचाको धमिलो पानी अर्थात् दुर्गन्धले आफ्नो मूल्य एवम् अस्तित्व गुमाई मान्छेको निर्दयी प्रहार खप्न विवश लबकुशरूपी बेसहारा बालबालिकाको जीवन टुकुचामा बगिरहेको सन्दर्भभित्र विसङ्गति चुलिएको छ । तलको कवितांशमा यही क्लेषभित्र नारीले स्वतन्त्रता र अस्तित्वको खोजी यसरी गरेकी छ :

"जनक राजाको दरबारको
शिव-धनुषसितै
अब स्वयंवरहरू छिनिसकेका छन्
हिजोआज लबकुशहरू
टुकुचाको धमिलो पानीमा बग्न थालेका छन् ।" (पृ. ५८)

कविताले मान्छेले जीवनको आस्था अडिने थलो र थकाइ बिसाउने चौतारोको खोजी गरेको छ । बाँच्ने जीवन भरोसामय हुनुपर्छ अनि केही आशा र विश्वासको डोरीमा झुन्डिनुपर्छ भन्दै यहाँ बाँच्ने मोहमा जीवन हैन मृत्यु उपस्थित भएको उल्लेख छ । बाँच्नलाई मृत्युको मोह चाहिन्छ साथै बाँच्ने मोहभित्र मृत्युको त्रासदिले चियाउने गर्छ अनि व्यथायुक्त जीवनले भय सृजना गरेको हुन्छ भनी कवितामा नारीको बाँच्न पाउने स्वतन्त्र इच्छा चित्रित छ । जीवन बाँच्ने मोहलाई मृत्युले गिज्याएको हुँदा मान्छेले एक सय वर्षको जीवनलाई बौलाहा बनाउने रोग ठान्नुपरेको छ भन्दै कवितामा स्वतन्त्र बाँच्ने चाहना यसरी अभिव्यक्त भएको छ :

"मान्छेको आस्थालाई
अड्ने एउटा थलो चाहिन्छ
बिसाउनलाई एउटा चौतारो चाहिन्छ
बाँच्नलाई एउटा मोह चाहिन्छ मृत्युको
एक सय वर्षबढी जिन्दगी
कल्पना मात्र पनि
बौलाहा बनाउने रोग हुन्छ ।" (पृ. ५८)

यसरी निस्सारताका बीच मान्छे तथा नारीले आफूमा निहित स्वतन्त्र इच्छाशक्तिको उपयोग गरेर सङ्घर्षशील बन्दै जीवनलाई सार्थक बनाउन सक्छ भन्ने अस्तित्ववादी चेतना कवितामा स्पष्ट देखिन्छ ।

## निष्कर्ष

वानीरा गिरिको *एउटा च्यातिएको पोस्टर* कविता आधुनिक नेपाली कवितायात्रामा प्रयोगवादी धारामा देखिएको र नारी जीवनका चरम विकृति, निराशा र मूल्यहीनताको प्रतिबिम्बनमार्फत् विसङ्गतिवादी अस्तित्ववादी नवप्रयोग गरिएको रचना हो । जन्ममृत्युको बाध्यता, अज्ञानताग्रस्त जीवन, अनिश्चित आगत, प्रयत्नहरूको व्यर्थता, आत्मपराजयी जटिलता, स्वविवेकमाथिको धोका आदि पक्षहरूले मानव जीवनलाई जबरजस्त अँचेटिरहेको हुँदा व्यक्तिभित्र नैराश्य, मूल्यहीनता, निस्सारता अनि व्यर्थता चरम रूपमा उद्वेलित भएको चिनाउँदै कवितामा विसङ्गतिभित्र अस्तित्वको खोजी गरिएको छ । कविताले किनारीकृत, व्यथित, निराश, मूल्यहीन अनि विवश एवम् विसङ्गत नारी जीवनको त्रासद परिवेश सृजना गर्दै यस अपरिहार्य बाध्यताभित्र निरन्तर अस्तित्वको बोध गराउँदै जडभविता र चित्भविताकै आधारमा विसङ्गतिवादी अस्तित्ववादी चिन्तनलाई चिनाइएको छ । त्यस्तै आत्मस्वतन्त्रता तथा स्वतन्त्र इच्छाशक्तिका कारण जीवनमा निर्णय गर्दा असीम क्लेशको भागिदार बन्नुपरेकाले चरम निराशा र निस्सारता जन्मिएको हो भन्दै कवितामा नारीले परम्परागत मूल्य, नैतिकता, सहयोग, विश्वास आदिको प्रयोजन समाप्त भएको यस सन्दर्भमा स्वतन्त्रताबाट अस्तित्व खोजेको देखिन्छ । जीवनजगत्का विविध पक्षहरूमाथि अनास्था, निराशा र निस्सारता भरिएको हुँदा मानव जीवनका कथाहरू कष्टपूर्ण, विवश र आततायी बन्न पुगे पनि विसङ्गत जीवनलाई अस्तित्ववान बनाउन जीवनमा आस्था, विश्वास, भरोसा अनि अधिकार खोजिँदै छ भन्ने तथ्य यहाँ भेटिन्छ । त्यसै गरी सपना, विश्वास अनि अधिकारको विसर्जनले मान्छे जीवित छ भन्ने भ्रम हराएकोले र पृथ्वीरूपी चिहानघरमा अस्तित्वहीन जिउँदा लासहरू सग्बगाएका छन् चन्दै अरूले रोजिदिएकोलाई अपनाउन, मन पराउन र माया गर्न अभिशप्त नेपाली नारीहरूको जीवन पूरै विसङ्गत देखिइएको छ र खण्डहर बन्दै च्यातिएको पोस्टरमा रूपान्तरित भएको छ भन्ने विचारको पुष्टि यहाँ गरिएको छ । कविताले वर्तमान विसङ्गत जीवनलाई चिनाउन पौराणिक कालदेखिको युद्ध, हारजित, धोका, अपमान अनि पीडालाई जोडेको छ । युग बदलिएका छन् तर नारी विवशता र बाध्यता बदलिएका छैनन् । मानिसका सत्यता लिलाम हुनु, जिजीविषाभित्र मृत्युले चियाउनु, आस्थाभित्र अनास्था अनि विश्वासभित्र अविश्वास प्रवेश गर्नु अनि भरोसा भत्कनु आजका मान्छेको नियति हो । गर्भाशय र फूलको प्रतिबिम्ब बनेका नारीलाई मूल्यहीनताको सराप लागेको छ । सर्वोच्च, अजेय र अतुलनीय यो शक्ति आज काम नलाग्ने अनि सुकेका छन् । त्यसैले नारीका लागि सभ्यताले काँचुली फेरिसकेको र जीवनमा आमूल परिवर्तन आएको ठान्नु व्यर्थ छ र श्रमका लागि

स्थान, अवसर र भूमिका उपलब्ध नहुँदा उत्पादनहीन, निस्क्रिय, शुष्क, बाँझो एवम् बेरोजगार नारीपाइला मेटिनका लागि नै छापिएका छन् भन्दै कवितामा विसङ्गति अनि आफ्नै धरतीमा नागरिक निर्धन, दुर्बल अनि निरीह बनेकाले स्वतन्त्रता र अस्तित्वको खोजी भइरहेको सङ्केत भरिएको छ । अन्त्यमा कविताले किनारीकृत, व्यथित, निराश, मूल्यहीन अनि विवश एवम् विसङ्गत नारी जीवनको त्रासद परिवेश सृजना गर्दै यस अपरिहार्य बाध्यताभित्र निरन्तर अस्तित्वको बोध गराउँदै जडभविता र चित्भविताकै आधारमा विसङ्गतिवादी अस्तित्ववादी चिन्तन प्रस्तुत भएको पुष्टि हुन्छ ।

**सन्दर्भसामग्री सूची**

गिरि, वानीरा (२०८२), *एउटा एउटा जिउँदो जङ्गबहादुर,* दोस्रो संस्करण, काठमाडौँ : वानीरा फउन्डेसन ।

जोशी, कुमारबहादुर (२०५७), *पाश्चात्य साहित्यका प्रमुख वाद,* चौथो संस्करण, ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, श्रीराम (२०६७), *आधुनिक नेपाली कविता-काव्य,* काठमाडौँ : पैरवी प्रकाशन ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५६), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, घटराज (२०५६), *नेपाली लेखक कोश,* काठमाडौँ : लक्ष्मीप्रसाद देवकोटा प्रतिष्ठान ।

शर्मा, मोहनराज र लुइटेल, खगेन्द्र (२०६७), *पूर्वीय र पाश्चात्य साहित्य सिद्धन्त,* तेस्रो संस्करण, काठमाडौँ : विद्यार्थी पुस्तक भन्डार ।

श्रेष्ठ, ईश्वरकुमार (२०६७), *पूर्वीय एवम् पाश्चात्य साहित्य-समालोचना : प्रमुख मान्यता, वाद र प्रणाली,* पाँचौँ संस्करण, ललितपुर : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव र अन्य (२०५४), *नेपाली कविता (भाग ४),* तेस्रो संस्करण, ललितपुर : साझा प्रकाशन ।